# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १६ दिसम्बर २०२४

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. विपक्षी दलका सांसदहरुको विरोध प्रदर्शन कारण संसदको दुवै सदनको कार्य दिनभरी बाधित।

२. रानीडंगामा सशस्त्र सीमा बलको स्थापना दिवस समारोहमा सहभागी बन्न केन्द्रीय गृहमन्त्री अमित शाह सिलिगुडी आउँदै।

३. दार्जीलिङ पुलिस अनि जीटीएको संयुक्त आयोजनामा ४ दिवसीय 'मेलोटी फेस्ट'- आजदेखि शुरु, महोत्सवलाई राज्यकी मुख्यन्त्री ममता ब्यानर्जीले गर्नुभयो भर्चुएल रुपमा उदघाटन।

४. पश्चिम बङ्गाल सरकारले राज्यका पूर्व मुख्य सचिव हरिकृष्ण द्विवेदीको अध्यक्षतामा छैटौँ वित्त आयोग गठन।

र

५. पौष महिना सुरु भएसँगै पश्चिम बङ्गालका विभिन्न जिल्लामा शीतलहरमा केही कमी।

**संसद-स्थगित**

गृहमन्त्री अमित शाहले डा. भीमराव अम्बेडकरमाथि दिएको टिप्पणीका कारण संसदमा भएको नाराबाजीका कारण दुवै सदन दिनभरका लागि स्थगित गरिएको थियो। यो लगातार दोस्रो दिन हो जब लोकसभा र राज्यसभामा कुनै पनि महत्त्वपूर्ण कार्य हरू हुन सकेन। पहिलो पटक स्थगित भएपछि दिउँसो २ बजे लोकसभाको बैठक पुनः सुरु हुँदा कांग्रेस, डीएमके, समाजवादी पार्टी र अन्य विपक्षी सदस्यहरू सदनको बीचैमा उभिएका थिए। केही सदस्यले गृहमन्त्रीविरुद्ध नाराबाजी गर्दै उभिएपछी ससद चलाउन सम्भव भएन। राज्यसभामा पनि यस्तै दृश्य देखियो। सदनको आजको बैठक सुरु हुँदा अध्यक्ष जगदीप धनखड़ले विपक्षी सांसदहरूले शाहको टिप्पणी र अन्य विषयमा प्रस्तुत गरेको स्थगन प्रस्तावलाई अस्वीकार गरेका थिए। कांग्रेस, द्रविड मुनेत्र कझगम, आम आदमी पार्टी, समाजवादी पार्टी, राजद, वाम दल र अन्य विपक्षी सांसदहरूले गृहमन्त्रीविरुद्ध नाराबाजी गरेका थिए। सभापतिले सदनको गरिमा कायम राख्न सदनलाई आग्रह गर्नुभयो, तर त्यो निरर्थक साबित भयो। त्यसपछि उहाले दिनभरका लागि बैठक स्थगित गर्नुभयो।

****** ० ******

**गृहमंत्री-सिलीगुड़ी**

रानीडंगामा सशस्त्र सीमा बलको स्थापना दिवस समारोहमा सहभागी बन्न केन्द्रीय गृहमन्त्री अमित शाह सिलिगुडी आउँदै हुनुहुन्छ भने वहाले भोली एसएसबीको ६१ औं स्थापना दिवसमा सहभागिता जनाउनु हुनेछ। प्रशासनिक स्रोतका अनुसार गृहमन्त्री शाह आज साँझसम्म सिलिगुडी आइपुग्ने अनि सुकनाको एक होटलमा बस्ने जहाँ दार्जिलिङका सांसद राजु बिष्टलगायत भाजपाका शीर्ष नेताहरूलाई भेट्ने कार्यक्रम रहेको जनाएको छ।

****** ० ******

**छैटौँ वित्त आयोग**

पश्चिम बङ्गाल सरकारले राज्यका पूर्व मुख्य सचिव हरिकृष्ण द्विवेदीको अध्यक्षतामा छैटौँ वित्त आयोग गठन गरेको छ। सचिवालयका एक अधिकारीका अनुसार यो आयोगले पंचायतको आर्थिक र संरचनात्मक स्थितिको सुधारका साथै विकास योजनामा सरकारी कोषको प्रयोगका लागि रणनीति बनाउनेछ। यस आयोगमा जम्मा पाँच जना सदस्य रहेका छन्। जसमा अध्यक्ष हरिकृष्ण द्विवेदीका साथमा दुई पूर्व आईएएस अधिकारी अजय भट्टाचार्य र बर्णाली विश्वास, डब्ल्यूबीसीएसका पूर्व अधिकारी आशिष कुमार चक्रवर्ती र बैंक अधिकारी रुमा मुखर्जी रहेका छन् नवगठित आयोगको कार्यकाल दुई वर्षको हुनेछ। यसको मुख्य

काम पंचायतहरूको आय, कर प्रणाली र वित्तीय स्थितिको समीक्षा गर्नु हो। यसका साथै यो आयोगले विकास निर्माणका लागि बनाइएका योजनाको सान्दर्भिकता र तिनको कार्यान्वयनको देखरेख गर्नेछ भने आयोगले पंचायतका साथै नगरपालिकाहरूको आर्थिक अवस्थाको पनि अध्ययन गरी राज्यपाललाई आवश्यक सिफारिसहरू पठाउनेछ। आयोगले आफ्नो काम १ अप्रिल २०२५ देखि सुरु गर्नेछ

****** ० ******

**'मेलोटी फेस्ट**

दार्जीलिङ पुलिस अनि जीटीएको संयुक्त आयोजित ४ दिवसीय 'मेलोटी फेस्ट'- आजदेखि शुरु भएको छ। उक्त महोत्सवलाई राज्यकी मुख्यन्त्री ममता ब्यानर्जीले भर्चुएल रुपमा उदघाटन गर्नुभयो । विभिन्न रंगारङ्ग कार्यक्रमहरुको साथमा शुरु भएको चार दिन व्यापी कार्यक्रममा विभिन्न जातगोष्ठी,संघ संस्थाहरु ,दार्जीलिङ पुलिस लगायत ल्याण्डरोभर एसोसिएसनका सदस्यहरुको बिशेष उपस्थिति थियो । आगामी २२ दिसम्बर सम्म चल्ने यस मेलो टी फेस्ट मा विभिन्न रंगारङ्ग कार्यक्रमहरु सगै स्थानीय अनि बिदेसही कलाकारहरु आ- आफ्नो प्रस्तुति दिने एंव म्याराथनको आयोजना पनि हुने भएको छ ।

****** ० ******

**शोभायात्रा**

दार्जीलिङ मेलो टी फेस्ट-को उपलक्ष्यमा आज विभिन्न जात-गोष्ठीका बोर्डहरूले दार्जिलिङको सुपर मार्केटबाट सांस्कृतिक शोभायात्राको आयोजन गरेका छन। सबै बोर्डका प्रमुखहरूले नेतृत्व गरेको शोभायात्रामा सबै जात-गोष्ठीका कार्यकर्ताहरूले आ-आफ्नो भेषभूशा पहिरिएका थिए भने यो शोभायात्राको समापन चौरास्तामा गरिएको थियो। जहाँ अपाह्न साडे चार बजे चार दिवसीय दार्जीलिङ मेलो टी फेस्ट-को उद्धाटन भर्चुअल रुपमा राज्यकी मुख्यमन्त्री सुश्री ममता ब्यानर्जीद्वारा गरिएको थियो। यस अवसरमा ल्यान्डरोभर गाडीहरूको पनि प्रदर्शन गरिएको थियो

****** ० ******

**पुरण तामाङ**

भारतीय सेनाको 5/1 गोरखा रेजिमेन्टमा सेवारत अम्बियोक चियाबारी, गोरूबथान निवासी पुरण तामाङको दुःखद निधन भएको जानकारी प्राप्त भएको छ। गत आइतवार देहरादूनदेखि मेरठ तर्फ जाँदै गरेको सेनाको वाहानको पछिल्लो भागमा अचानक आगलागी हुदाँ उनले वहानबाट हाम फाल्दा उनी गम्भीर घाईते भएका थिए। उनी लगायत अन्य घाइतेहरूलाई तत्काल उद्धार गरेर लगिएको थियो। ती मध्ये पुरण तामाङको अवस्था धेरै चिन्ताजनक भएकोले उनलाई उपचारको निम्ति दिल्ली लगिएको थियो। जहाँ उपचारका क्रममा हिजो राति लगभग 10 बजेतिर उनको निधन भएको जानकारी प्राप्त भएको छ। उनको शवलाई आज पोस्टमार्टम गरेर विभागीय औपचारिकतापछि भोलि बिहान 9 बजे बागडोग्रा ल्याइने जानकारी प्राप्त भएको छ। तामांग दूधमुखे शिशुको न्वारान गरेर एक हप्ताअघि मात्र परिवारलाई छोडी देशको सुरक्षार्थ पल्टन फर्किएका थिए।

****** ० ******

**एम पी रोडमा गोर्खे हाट**

पहाड़का अन्य ठाउँहरूमा जस्तै दार्जीलिङको एम पी रोडमा गोर्खे हाट विगत धेरै समय अघिदेखि लाग्दै आइरहेको छ। यहाँ दार्जीलिङ क्षेत्रका मानिसहरूले गोर्खे खानपिन, भेषभूषा लगायत अन्य विषयहरुमाथि व्यवसाय गर्दै आइरहेका छन्। यसै क्रममा आज जिटिए प्रमुख कार्यपाल अनित थापा पनि दार्जीलिङको गोर्खे हाट भ्रमणमा जानुभएको थियो भने उहाँले पहाडका हाम्रो मानिसहरू स्वनिर्भर हुन सिकेको साथै यसको सकारात्मक प्रभाव वर्तमान युवाहरूमा प्रत्यक्ष रूपमा परिरहेको बताउनु भयो।

****** ० ******

**भिक्टोरिया रोड**

भिक्टोरिया रोड धेरै बर्ष अघि देखि जीर्ण अवस्थामा रहेको थियो एंव क्षेत्रबासीको समस्यालाई मध्यनजर गरेर दार्जीलिङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 17 भिक्टोरिया रोड मंगलपुरी जाने सड़क मर्मत्तीको शिलान्यास आज दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीको बाहुलीबाट गरियो। कार्यक्रममा वार्ड नम्बर १७ का नगरपार्षद नितेन गुरुङ , नगरपार्षद मुकुन्द राज बराईली , ठेगेदार बिभागिय अधिकारी लगायत स्थानीय क्षेत्रबासी उपस्थित थियो।

****** ० ******

**प्रेस-गिल्ड**

दार्जीलिङ प्रेस गिल्ड सम्मानद्वारा पर्यावरणविद् प्रफुल रावलाई सम्मानित गरिने जानकारी छ। २४औं स्थापना दिवसको अवसरमा आउँदो २१ दिसम्वर शनिवार दार्जीलिङ प्रेस गिल्डले उक्त सम्मान प्रदान गर्ने प्रेस गिल्ड सचिव आदित्य राया लगायत कोषाध्यक्ष मोहन लामाले अवगत गराएका छन् । सो अवसरमा सदस्यहरूलाई लिएर कानुनी पक्षहरूलगायत मिडिया नैतिकताबारे संगोष्ठी पनि आयोजना गरिने बताइएको छ।

****** ० ******

**दमदम**

कोलकोताको दमदम स्थित नेताजी सुभाषचन्द्र बोस अन्तर्राष्ट्रिय विमानस्थलले आफ्नो स्थापनाको १०० वर्ष पूरा गरेको छ । यो विमानस्थल भारतको हवाई यात्राको साक्षी मात्र नभई प्रगति, यातायात र लगनशीलताको प्रतीकको रूपमा पनि लिइन्छ। १९२४ मा दमदम विमानस्थलको रूपमा स्थापित यस विमानस्थलले सन् १९२९ मा बङ्गाल फ्लाइङ क्लबको आयोजना गरेर भारतीय उड्डयनमा ऐतिहासिक योगदान पुर् याएको थियो भने यो 1964 मा जेट सेवाको लागि एक प्रमुख हब बन्यो र पहिलो समर्पित एयरलाइन कार्गो टर्मिनल 1975 मा खोलियो। त्यसपछी १९९५ मा यसको नाम परिवर्तन गरी नेताजी सुभाषचन्द्र बोस अन्तर्राष्ट्रिय विमानस्थल राखियो।

****** ० ******

**विण्टर कप**

दार्जीलिङको सुदुरवरती रिम्बिक लोधोमा क्षेत्रको लोधोमामा जारी शहीद दिवाकर राई स्मृति नक्आउट विण्टर कप फूटबल टुर्नामेण्टमा युनाइटेड फ्रेण्ड्स (सोम्बारिया)-ले रोमाञ्चक जीतको साथ सेमिफाइनलमा स्थान बनाएको छ ।

****** ० ******

**मौसम**

पौष महिना सुरु भएसँगै पश्चिम बङ्गालका विभिन्न जिल्लामा शीतलहरमा केही कमी आएको छ । मौसम विभागले बिहीबार जारी गरेको विज्ञप्तिमा कोलकातामा बिहान हल्का कुहिरो र आंशिक बदलीको सम्भावना रहेको जनाएको छ । यसैबीच उत्तर र दक्षिण २४ परगनामा बिहान हल्का कुहिरो लाग्ने तथा हुगली, हावड़ा र नादिया जिल्लामा आंशिक बदली भए पनि मौसम सुख्खा रहनेछ। अर्कोतिर उत्तर बंगालको अलीपुरद्वार, कूचबिहार, जलपाईगुड़ी लगायत दार्जिलिङ अनि कालेबुंगको पहाडी क्षेत्रहरूमा हल्का चिसो हुन सक्ने बताइएको छ भने साताभर यस्तै मौसम रहने मौसम विभागले जनाएको छ ।

****** ० ******

**नकली पासपोर्ट**

कोलकाता पुलिसले नकली पासपोर्ट रैकेटको मामिलामा पोस्ट ऑफिस पासपोर्ट सेवा केंद्रमा कार्यरत एक कर्मचारीईहिजो पक्राउ गरेको छ भने पुलिसले उनको ग्याजेटबाट प्राप्त डाटाबेसको आधारमा ३०,००० व्यक्तिको सूची प्राप्त गरेको छ जो उनले नक्कली भारतीय परिचयपत्र र पासपोर्ट तयार पार्न सग्रह गरेका थिए।

****** ० ******

**तामङ वौद्ध संघ**

स्थानीय जीडीएनएस लाईब्रेरी भवन दार्जिलिंगमा अखिल भारतीय तामङ वौद्ध संघ, दार्जीलिङ महकुमा समितिको एक सभा बसियो । सभामा विगत केन्द्रिय समितिको सभामा पारित प्रस्तावलाई शिरोपर गर्दै दार्जीलिङ महकुमा समितिको क्षेत्रफलमा पर्ने 20 जना नयाँ केन्द्रिय समिति सदस्यहरुको चयन गरियो।

****** ० ******

**<u>राजु लामा</u>**

आगमी 31 दिनम्बरकाे रात नयाँ वर्षलाई स्वागत अनि पुरानाे बर्षलाई विदाई गर्न मिरिक हाइलेण्डर अनि टीम पालाजकाे आयाेजनामा विन्टर फेस्ट अन्तर्गत साँगेतिक कार्यक्रमको आयोजना गरिने भएको छ।उक्त कार्यक्रममा लाेकप्रिय गायक राजु लामा मंगोलियन हार्टसहित मिरिक आउने भएकाे छ।राजू लामाले 31 दिसम्बरकाे साँझ आले खेल मैदानमा गीतहरू गाँउने छन।

****** ० ******